# गौरीशंकर गाउँपालिका

## गौरीशंकर गाउँकार्यपालिकाको कार्यालय

**सुरी, दोलखा**

**३ नं. प्रदेश, नेपाल**

## *सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना !*

**(प्रथम पटक प्रकाशित मिति :२०७५।१२।१७)**

यस कार्यालयलाई चालु आर्थिक वर्षको लागि देहायको जनशक्ति आवश्यक परेकोले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र आईपुग्ने गरी यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । ईच्छुक उम्मेदवारले निवेदनसाथ व्यक्तिगत विवरण (CV), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपीहरु, कार्यानुभवको प्रमाणपत्रका प्रतिलिपीहरु तोकिएको समयभित्र यस कार्यालयमा आईपुग्ने गरी पठाउनु पर्नेछ (समय नाघेर आएको, अपुरो एवं रित नपुगेको निवेदन छनौट प्रक्रियामा समावेश गरिने छैन । प्रारम्भिक छनौटमा परेका उम्मेदवारलाई अन्तिम परीक्षाका लागि टेलिफोन मार्फत जानकारी गराईनुका साथै सेवा करारको अवधि २०७६ आषाढ मसान्तसम्म रहने व्यहोरा समेत जानकारी गराईन्छ । उम्मेदवारको आवश्यक शैक्षिक योग्यता एवं अनुभव नेपाल सरकार, लोकसेवा आयोगले तोके बमोजिम बमोजिम नै हुनेछ । कार्यविवरण, छनौट मापदण्ड एवं पारिश्रमिक तथा सुविधा लगायतका विस्तृत विवरणका सम्बन्धमा कार्यालयबाट जानकारी प्राप्त गर्न सकिनेछ । अनुभवी र स्थानीयलाई विशेष प्राथमिकता दिईनेछ ।

| क्र.स | विज्ञापन नम्बर | पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०३ | अहेव | ३ | |
| २ | ०४ | अनमी | ३ | |

१. न्युनतम शैक्षिक योग्यता:

क) (मान्यता प्राप्त शिक्षण संस्थाबाट (CTEVT) बाट न्यूनतम् १५ । १८ महिने तालिम प्राप्त गरेको

२.परिक्षाको किसिम : परीक्षा कार्यालयले निर्धारण गरे बमोजिम

३.आवेदन दिनुपर्ने अन्तिम मिति: सूचना प्रकाशन भएको मितिले १५ औं दिन कार्यालय समय भित्र ।

४.आवेदन बुझाउनुपर्ने स्थान : गौरीशंकर गाउँपालिकाको कार्यालय, सूरी दोलखा ।

५.आवेदनका साथ पेश गर्नुपर्ने कागजात : वैयक्तिक विवरण, शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता प्रमाण पत्र, अनुभवको प्रमाण पत्र साथै अन्य अनुभवका प्रमाणपत्र प्रतिलिपी ।

६. आवेदन दस्तुर : ५००।

७.दरखास्त दस्तुर: यस कार्यालयको लेखा शाखाबाट प्राप्त नगदी रसिद पेश गर्नुपर्नेछ ।

८.तलब स्केल: गाउँपालिकाको निर्णय तथा आपसी समझदारीमा निर्धारण गरिनेछ ।

९. कार्यक्षेत्र : गौरीशंकर गाउँपालिका कार्यालय

थप जानकारीको लागि गौरीशंकर गाउँपालिकाको सम्पर्क नम्बर ०४९-,६९१२५१ मा सम्पर्क गर्न सकिनेछ ।

**पुनश्च :** *माथिल्लो योग्यता, र स्थानीयबासीलाई प्राथमिकता दिइने छ । छनौटको अधिकार गाउँपालिका कार्यालयमा रहने छ ।*

**पदपुर्ति समिति**

**गौरीशंकर गाउँकार्यपालिकाको कार्यालय**